धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक:

NABIL BANK®
नबिल बैंक लिमिटेड

योजना व्यवस्थापक:

NABIL® INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)
नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड

## नबिल म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

# नबिल ब्यालेन्सड् फण्ड ३ (बन्दमुखी योजना)
# Nabil Balanced Fund III (Closed - end Scheme)

को

# इकाई बाँडफाँड सम्बन्धी सूचना

नबिल ब्यालेन्सड् फण्ड ३ (Nabil Balanced Fund III) को प्रति इकाई मूल्य रु.१०/- अंकित दरको १०,००,००,००० (दश करोड) इकाई मध्ये बीज पूँजी वापत न्यूनतम १,५०,००,००० (एक करोड पचास लाख) वा कुल बिक्री भएको इकाई सङ्ख्याको न्यूनतम १५ (पन्ध्र) प्रतिशत इकाई मध्ये कोष प्रवर्द्धक नबिल बैंक लिमिटेडका लागि १४ प्रतिशत वा न्युनतम १,४०,००,००० (एक करोड चालीस लाख) इकाई तथा योजना व्यवस्थापक नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडलाई १ प्रतिशत वा न्युनतम १०,००,००० (दश लाख) इकाई सुरक्षित राखी बाँकी न्यूनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाई मिति २०७८ भाद्र २५ गतेदेखि २०७८ भाद्र २९ गतेसम्म सर्वसाधारणहरुमा सार्वजनिक रुपमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा माग भन्दा अत्याधिक बढी मात्रामा आवेदन प्राप्त हुन आएकोले विद्यमान सामूहिक लगानी कोष नियमावली तथा निर्देशिकामा भएको व्यवस्था बमोजिम उल्लेखित योजनाको आकार २५ प्रतिशतले बृद्धि गर्दा योजनाको आकार बृद्धि भई १२,५०,००,००० ( बाह्र करोड पचास लाख) इकाई त्यस मध्ये बीज पूँजी वापत न्यूनतम कोष प्रवर्द्धक नबिल बैक लिमिटेडको लागि १४ प्रतिशत अर्थात १,७५,००,००० (एक करोड पचहत्तर लाख) इकाई तथा योजना व्यवस्थापक नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेडलाई १ प्रतिशत अर्थात १२,५०,००० (बाह्र लाख पचास हजार) इकाई बाँडफाँड गरी बाँकी रहेको १०,६२,५०,००० (दश करोड बासठ्ठी लाख पचास हजार) ईकाइहरुको निष्काशन अवधी भित्र रितपुर्वक आवेदन दिनुहुने आवेदकहरुलाई मिति २०७८ भाद्र ०७ गते बिहीबारका दिन बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदकहरुले बाँडफाँड सम्बन्धी विवरण सिडिएस एण्ड क्लियरिङ्ग लि. को वेबसाइट www.ipo result.cdsc.com.np वा धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकको वेबसाइट www.nabilinvest.com.np बाट हेर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

साथै, सम्पूर्ण सि-आस्वा सदस्यहरुले बाँडफाँडमा नपरेको इकाई वापतको बाँकी रकम सम्बन्धित आवेदकहरुको बैंक खाता फुकुवा गरिदिनु हुन पनि यसै सूचना मार्फत जानकारी गराइन्छ ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यबाद ज्ञापन गर्दछौं ।

निष्काशन तथा बिक्री प्रबन्धक:

NABIL® INVESTMENT BANKING LTD.
(A Subsidiary of Nabil Bank Ltd.)

**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**
तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं
फोन: ४४११६०४, ४४११७३३, फ्याक्स: ४४१०५५४
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np